SERVICE CHILDREN'S EDUCATION

HORNBILL SCHOOL BRUNEI


HORNBILL NEWSLETTER
Main Site Tel: 3224101 ext 3214/Fax: 3222133
Foundation Site Tel/Fax: 3333225
Email: office.hornbill@sceschools.com
www.hornbillschool.com
Head Teacher Mrs Kathy Wood MBE MEd


शुक्रबार १२ मार्च २०१०

**Welcome**

'Flying High'
Working together to Build a Successful Future for All

**हाम्रो बिद्यालयको यस टर्मको मुल्यमान्यता धैर्य अनि उत्तरदायित्व रहेको छ ।**

आदरणीय अभिभावकज्यू ,
बिद्यालयमा हालै सम्पन्न साईन्स एण्ड बुक विकको प्रभावले यस हप्ता हाम्रा नानीहरुले निकै परिश्रम गरे । श्रीमती क्याथी वुड जर्मनीमा एस सि ईको विभिन्न बैठक अनि अन्तरवार्ताहरुमा भाग लिइ अर्को हप्ता फर्किनु हुनेछ । यस अवधि भरी केही जिज्ञासाहरु भए कृपया मलाई अथवा डिप्युटि हेड टिचर सुश्री निकोला पर्सीसंग संकोच नमानी सम्पर्क राख्न सक्नु हुनेछ ।
तपाईको सप्ताहन्त रमणीय रहोस् ।
राजेश थापा ।
डिप्युटि हेडटिचर ।

**पनागा फुटबल ।**
आगमी आईतबार १४ मार्चको दिन बिहान ०९०० बजे बाट पनागा फुटबल मैदानमा हाम्रो बिद्यालयका ( ९ बर्ष मुनिका नानीहरुको २टिम, ११ बर्ष मुनिका नानीहरुको १ टिम अनि १२ बर्ष मुनिका नानीहरुको २ टिम) गरी जम्मा ५वटा टिमले पनागा फुटबल प्रतियोगितामा भाग लिदैछन् । टिममा भएका सबै नानीहरुले आफ्नो अभिभावकहरुसंग बिहान ठिक ०८४५ बजे पनागा पुगी आफ्नो टिम म्यानेजरहरु श्री एलिस्डेर हन्टर, श्री नारन गुरुङ्ग अनि श्री कलिन मिचेलसंग भेट गर्नु पर्नेछ । हाम्रो टिमलाई हौसला दिन सबै अभिभावकहरु साथै हर्नबील बिद्यालयको फ्यानहरुलाई हार्दिक स्वागत छ ।

**स्याबास !**
एस सि ई द्वारा प्रकाशित पुस्तक 'लिट्टल बुक अफ पोयम्स' मा प्रकाशनको लागी हाम्रा नानीहरुले लेखेका १४ वटा कबिताहरु छनौटमा परेका छन् । यो खुशीको कुरो सुनानउन पाँउदा हामी अति हर्षित छौं । अलिभिया हन्टर एफ एस २, जेनिफर चोडबाङ एफ एस २, एड्लिन राई एफ एस २,टिली डज-स्मिथ एफ एस २, जोनाथन हन्टर एफ एस २, लिजा राई एफ एस २, रेचल लिम्बु एफ एस २,प्रताप हाङ थेबे एफ एस २, केवल मादेन लिम्बु एफ एस २, एमिलि बार्क्ले कक्षा ५, निरज गौतम कक्षा ५, अरुण राई कक्षा ५ अनि अलेक्ज्यान्ड्रा काउलन कक्षा ५ यी नानीहरु सबैलाई स्याबास अनि बधाई । तिमीहरुले आफ्नो अभिभावकहरु साथै हर्नबील बिद्यालयलाई गर्वान्वित बनायौ ।

**हर्नबील हेल्पिङ्ग ह्याण्ड्स ।**
हर्नबील हेल्पिङ्ग ह्याण्ड्सको फण्ड रेजिङ्ग कार्यक्रमको निम्त स्लिप साथै रकम पठांउनु हुने सम्पूर्ण अभिभावकहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्न चाहन्छौं ।

आगामी सोमबार १५ मार्च को दिन १४०० बजे बाट १६०० बजे सम्म मेन साईटमा कक्षा १ देखि कक्षा ३ सम्मका नानीहरुको लागी फिल्म नाईट संचालन हुनेछ । नानीहरुको लागी गाडीको पनि प्रबन्ध गरिएको छ । फिल्म, ड्रिक्स अनि पपकर्न समावेश गरेर टिकटको शुल्क ब्रुनाइ डलर ६.०० लाग्नेछ ।

त्यसैगरी बुधबार १७ मार्चको दिन फाउण्डेशन साइटमा एफ एस १को लागी १११५ बजे बाट ११४५ बजे सम्म अनि एफ एस२को लागी १३३० बजे बाट १४०० बजे सम्म इस्टर एग हन्ट कार्यक्रम संचालन हुनेछ । उक्त दिन पनि गाडीको प्रबन्ध गरिएको छ । प्रवेश शुल्क ब्रुनाइ डलर ३.०० लाग्नेछ ।

त्यसरी नै आगमी सोमबार २२ मार्च को दिन १४०० बजे बाट १६०० बजे सम्म मेन साईटमा कक्षा ४ देखि कक्षा ६ सम्मका नानीहरुको लागी फिल्म नाईट संचालन हुनेछ । नानीहरुको लागी गाडीको पनि प्रबन्ध गरिएको छ । फिल्म, ड्रिक्स अनि पपकर्न समावेश गरेर टिकटको शुल्क ब्रुनाइ डलर ६.०० लाग्नेछ ।

**भिजिटर्स ।**
आगमी मार्च २२ बाट २६ मार्च सम्म एस सि इका क्षेत्रिय शिक्षा अधिकारी श्री डग मनरो हाम्रो बिद्यालय भ्रमण आउनु हुनेछ । यो उहांको पहिलो ब्रुनाई भ्रमण हो । भ्रमणको अवधी भरि उहांले नानीहरु अनि स्टाफहरुलाई भेटि हर्नबील बिद्यालयमा नानीहरुले गरेका कार्यहरुको अवलोकन गर्नु हुनेछ । विद्यालयको बिस्तार अनि बिकासको जानकारी लिन

**फाउण्डेशन साइटका हालखबरहरु ।**
एफ एस २को ल्याण्डिङ्ग प्याडमा उपस्थित हुनु भएका सम्पूर्ण अभिभावकहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्न चाहन्छौं, कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो, तातो चकलेट ड्रिङ्क सबै राम्रो लाग्यो होला भनी आशा राखेकाछौं ।
बाटोमा आफुलाई सुरक्षित कसरी राख्ने भनी अर्को हप्ता सडक सुरक्षा सम्बन्धि जानकारी दिन क्याटेन किमिन्स बिद्यालय आउनु हुनेछ ।
एफ एस १ को नयां थिम 'वुइ आर गोइङ्ग अन ए वेयर हन्ट' अर्न्तगत लअन्च प्याड कार्यक्रम निम्न दिन अनि समयमा हुनेछ । रेड कक्षाको - १६ मार्च ०९१५ बजे, ग्रीन कक्षाको - १७ मार्च ०८४५ बजे, पर्पल कक्षाको - १८ मार्च ०८४५ बजे अनि ब्लु कक्षाको - १९ मार्च ०८४५ बजे ।
गत हप्ता ब्लु कक्षा ओपन डे हुने दिनमा बन्द भएको हुनाले गर्दा आगमी मंगलबार २३ मार्चको दिन ०९३० बजे देखि १०३० बजे सम्म हुने जानकारी दिन चाहन्छौं ।



**सुचना ।**
तपाईको नानी अस्वस्थ्यको कारणले वा कुनै कारणबस बिद्यालय आउन नसक्ने भए कृपया सक्दो चांडै बिद्यालय कार्यलयमा जानकारी दिनु होला ।

**फेमेली लर्निङ्ग प्रोग्राम ।**
हाम्रो अर्को फेमेली लर्निङ्ग प्रोग्राम आगामी बुधबार २१ अप्रेलको साँझ १७०० बजे संचालन हुनेछ । उक्त सेसन स्वस्थ्य बिकास सम्बन्धि केन्द्रित रहनेछ र एफ एस देखि कक्षा ६ सम्मका सबै अभिभावकहरुको निम्ति हुनेछ । कृपया भाग लिनुहोला ।

**तपाईको डायरीको लागी ।**
शुक्रबार १५ मार्च १० - हर्नबिल हेल्पिङ्ग ह्याण्ड्स फिल्म नाईट कक्षा १-३का नानीहरुको लागी मेन साइटमा १४०० - १६०० बजे ।
बुधबार १७ मार्च १० - हर्नबिल हेल्पिङ्ग ह्याण्ड्स इस्टर एग हन्ट एफ एसका नानीहरुको लागी फाउण्डेशन समइटमा ।
एफ एस १को १११५-११४५ बजे र एफ एस २को १३३०-१४०० बजे ।
शुक्रबार २२ मार्च १० - हर्नबिल हेल्पिङ्ग ह्याण्ड्स फिल्म नाईट कक्षा ४-६का नानीहरुको लागी मेन साइटमा १४००-१६०० बजे ।
बिहिबार २५ मार्च १० -सेलेब्रेशन एसेम्बली फाउण्डेशन साइटमा १००० बजे ।
सोमबार २९ मार्च १० -दोस्रो टर्मको बिदा आरम्भ ।
सोमबार १२ अप्रेल १० - तेस्रो टमृको लागी बिद्यालय पुन संचालन । एफ एस २ - कक्षा ६ को लागी लअन्च प्याडहरु आरम्भ ।